# सानिमा माई हाइड्रोपावर लिमिटेड

## विक्रम सम्वत् २०७४ साल पौष महिना २८ गते शुक्रबार
## स्मार्ट क्याफे एण्ड ब्यांकेट्, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको
## छैठौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमि :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको छैठौं वार्षिक साधारण सभा मिति २०७४ साल पौष महिना २८ गते तदनुसार १२ जनवरी, २०१८ मा स्मार्ट क्याफे एण्ड ब्यांकेट्, धुम्बाराही, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू, आमन्त्रित वर्ग तथा कम्पनीका पदाधिकारीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई छैठौं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्नु भएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भई अध्यक्षज्यूको अनुमति पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. श्री सुवर्णदास श्रेष्ठज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला स्थित माई (२२.० मे.वा.) तथा माई क्यास्केड (७.० मे.वा.) जलविद्युत् आयोजना साथै यस कम्पनीद्वारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजना र कम्पनी गाभ्ने प्रस्ताव पेश गरिएको श्री सानिमा हाईड्रोपावर लिमिटेडका विभिन्न आयोजनाहरूको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो र सो पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी निर्णय भएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:०० बजे सभा समापन भएको थियो ।

**(क) सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७४ साल मंसिर २६ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस छैठौं वार्षिक साधारणसभाको जानकारीका लागि २०७४ साल पौष १ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित प्रथम पटक, त्यसै गरी पौष ५ गते इलाम जिल्लाबाट प्रकाशित हुने इलाम पोष्ट दैनिकमा दोस्रो पटक र २०७४ साल पौष ७ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा तेस्रो पटक सूचना प्रकाशित गरिनुका साथै, कम्पनीको आ.व. २०७३/७४ को संक्षिप्त वार्षिक आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईटमा पनि राखिएको थियो ।

**(ख) उपस्थिति :**

**(अ) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

| | |
|---|---|
| श्री घनश्याम थापा | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |
| श्री भरतकुमार पोखरेल | सञ्चालक-सदस्य |
| श्री दिपककुमार श्रेष्ठ | सञ्चालक-सदस्य |

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| डा. श्री सुवर्णदास श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| श्री जयन्तकुमार रेग्मी | कम्पनी सचिव |
| श्री सुदिप रोका | लेखा तथा वित्त प्रमुख |
| श्री सुधिर गिरी | प्लान्ट मेनेजर |
| श्री क्रान्त श्रेष्ठ | वरिष्ठ अधिकृत (वित्त) |

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| १. श्रीमति गंगा के. सी. | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री राजुकुमार सिवाकोटी | प्रतिनिधि, जे.वि.आर.एच. एण्ड कम्पनी **(लेखापरीक्षक)** |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - ८८ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - ३५१ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ४३९ जना |

**(ग) <u>छैठौ वार्षिक साधारसभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू</u> :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**<u>(क) साधारण प्रस्तावहरू</u>**

१. छैठौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७३/७४ नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्टस् पुनः नियुक्तीका लागि योग्य रहेको ।)

४. कम्पनीको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीहरू (समुह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

५. सञ्चालकहरूको बैठक भत्ता वृद्धि गर्ने ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

(ख) विशेष प्रस्तावहरू

१. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तनका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२. सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्ने (Acquire) र यसका लागि कम्पनीको तर्फबाट पुरा गर्नु पर्ने आवश्यक प्रक्रियाहरू अवलम्बन गरी कानून बमोजिम गाभ्ने कार्य सम्पन्न गर्न, गराउन कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. सम्बद्ध नियमनकारी निकायले दिएको निर्देशन बमोजिम यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायत यस छैठौं साधारण सभाले पारित गरेका प्रस्ताव बमोजिमका आवश्यक कार्यहरू सम्पन्न गर्न, गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वंम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | २,११,००,००० | ५०८३७६७ | ९२५५३५३ | १४३३९१२० | ६७.९५ |
| शेयरधनी संख्या | ३०,६५० | ८८ | ३५१ | ४३९ | १.४३ |

२. सभाको वैधानिकता :

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४३९ भएको र कुल बाँडफाँड भएको ६७.९५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा कम्पनीको छैठौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम कम्पनी सचिवले सभालाई सञ्चालन गर्नु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

## ३. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले आफ्नो मन्तव्य व्यक्त गर्नु भई सञ्चालक समितिको तर्फबाट आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन अनुमोदनकालागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले यस कम्पनीद्धारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) का साथै यस कम्पनीद्धारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजना र कम्पनी गाभ्ने प्रस्ताव पेश गरिएको श्री सानिमा हाईड्रोपावर लिमिटेडका विभिन्न आयोजनाहरूको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्धारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७४ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७३/०७४ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरिएको थियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा प्रतिक्रियाहरूको मुख्य अंश र जिज्ञासाहरू निम्न अनुसार रहेको छ ।

**(अ) श्री राम प्रसाद पाण्डे**

कम्पनीको वार्षिक साधारण सभा यस किसिमको पुस महिनाको अन्तिम र जाडोमा गर्नुको सट्टा अलि अघि नै दशै अगाडि गर्नु भएको भए राम्रो हुने थियो । कम्पनीका हामी सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालकले हामी शेयरधनीहरूको आवाज कम्पनीमा राखिदिनु होला । कम्पनीको भावी योजनामा कम्पनीले विभिन्न आयोजनाहरूबाट करिब ३८६ मे.वा. सम्म विद्युत उत्पादन हुने जानकारी दिनु भएकोमा खुशि लाग्यो साथै उक्त आयोजनाहरूको लागत के कति हो र कहिलेसम्म सम्पन्न हुन्छन् स्पष्ट पारिदिनु होला । हामी शेयरधनीहरूले कम्पनीबाट केही प्रतिफलको आशा गरेका थियौं सो हुन सकेन, कम्पनीले जे जति आर्जन गरेको छ सोही बमोजिमको प्रतिफल दिनु पर्ने थियो । आगामी दिनमा आम्दानी बमोजिम क्रमशः लाभांश प्राप्त हुने अपेक्षा गरेका छौं । कम्पनीको बैंक कर्जा करिब ३ अर्ब रहेको हुँदा सोको भुक्तानी योजना के छ जानकारी पाउँ ।

**(आ) श्री गणेश कुमार दाहाल**

यस कम्पनीको आयोजनाबाट विद्युत उत्पादन शुरू भएको ३ वर्ष भयो र अब आउने ४ वर्ष सम्म अन्य आयोजनाबाट उत्पादन हुने देखिंदैन । कम्पनीले प्रत्येक वर्ष नयाँ आयोजना सम्पन्न गरी उत्पादन गर्दै जानुपर्ने थियो । कम्पनीले जारी गरी वितरण गरेको हकप्रद शेयर कम्पनीले शेयरधनीलाई दिएको नभई कम्पनीलाई लगानी गर्न शेयरधनीहरूले दिएको हो । कम्पनीले नेपाल विद्युत प्राधिकरण, सरकारबाट लिनुपर्ने रकमबाट अर्को वर्ष प्रतिफल दिने देखिन्छ तर सो बाहेक कम्पनीले आफै कमाएर दिनु पर्दछ । करिब ३ अर्ब रकम कर्जा चुक्ता गर्न बाँकी रहेको अवस्थामा अर्को वर्ष के कति

प्रतिफल दिन सक्छ स्पष्ट होस । कम्पनीले प्रत्येक वर्ष अरू नयाँ आयोजनाहरू गर्दै जाओस भन्ने शुभ कामना दिन चाहन्छु ।

(इ) श्री अजित कुमार खनाल

सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्दा (Acquire गर्दा) रकम तिरेर खरिद गर्ने हो वा शेयर जारी गरी गरिने हो ? साथै सतप्रतिशत अनुपातमा हकप्रद शेयर जारी गरे पछि हाल कायम २ अर्ब ११ करोड पूँजीमा सानिमा हाईड्रोपावरलाई Acquire गरे पछि कम्पनीको पूँजी (Capital) कति हुने हो जानकारी पाउँ ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, प्रतिकृया, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. श्री सुवर्णदास श्रेष्ठज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**डा. श्री सुवर्णदास श्रेष्ठ - प्रमुख कार्यकारी अधिकृत**

आजको यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएका सुझावहरूकालागि धन्यवाद दिंदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले निम्नानुसार प्रष्ट पार्नु भयो ।

- कम्पनीको वार्षिक साधारणसभा यथासक्य चाँडो गर्ने मनसाय रहेतापनि यस पटक हकप्रद शेयर निष्काशन तथा वितरणका प्रकृयाहरू सम्पन्न गर्न केही समय लागेको हुँदा बाध्यतावश यस पौष अन्तिममा गर्नु परेको हो । आगामी वर्ष देखि यहाँहरूको सुझाव बमोजिम दशैं अगाडि नै साधारण सभा सम्पन्न गर्ने प्रयास गर्नेछौं ।

- सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्ने (Acquire) सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धानका कार्यहरू सम्पन्न गरी सम्बन्धित नियमनकारी निकायहरूको सहमति, अनुमतिपत्र, विद्युत खरिद सम्झौता आदिको हस्तान्तरण, आर्थिक तथा वित्तिय व्यवस्थापन भए अनुसार आयोजनाहरूको प्रवर्द्धनको कार्य अगाडि बढाईने छ र समय क्रम अनुसार आयोजनाहरू निर्माण सम्पन्न गरी उत्पादन गरिने छ ।

- यस कम्पनीका आयोजनाहरूको बैंक कर्जा भुक्तानी अवधिका सम्बन्धमा सम्बन्धित बैंकहरू संगको सहवित्तियकरण कर्जा सम्झौता (Facility Agreement) मा उल्लेख भए बमोजिम १० वर्ष रहेकोमा २ वर्ष भुक्तान भएको छ ।

- कम्पनीको प्रयास प्रत्येक वर्ष नयाँ आयोजनाहरूको निर्माण गर्ने रहेको हुन्छ तर त्यसका लागि निर्धारित कानूनी प्रकृयाहरू पुरा गर्नु पर्ने हुन्छ जस्तै अनुमतिपत्र, विद्युत खरिद विक्री सम्झौता, जग्गा अधिग्रहण, आर्थिक तथा वित्तिय व्यवस्थापन आदि जसले गर्दा आयोजना निर्माणका लागि समय लाग्ने हुन्छ । तर पनि कम्पनीको निरन्तर प्रयासको फलस्वरूप यथासक्य चाँडो निर्माण प्रारम्भ गर्ने गरिएको छ जसको उदाहरणको रूपमा यस कम्पनीको लगानी रहेको तल्लो लिखु र मध्य तमोर जलविद्युत आयोजनालाई लिन सकिन्छ । ती आयोजनाहरूको निर्माण कार्य निकै अघि बढिसकेका छन् । जग्गा खरिद, पहुँच सडकको निर्माण, क्याम्प फ्यासिलिटी आदि कार्य सम्पन्न भई मुख्य ठेकेदार छनौटको प्रकृया समेत अन्तिम अवस्थामा रहेको कुरा जानकारी प्राप्त हुन आएको छ ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

- यस कम्पनीले सानिमा हाईड्रोपावर लिमिटेडलाई Acquire गर्ने सम्बन्धमा दुई कम्पनीहरू बीच हाल प्रारम्भीक समझदारी मात्र भएको हुँदा यस साधारण सभाबाट Mandate लिएर दुबै कम्पनीहरूको वित्तिय तथा आर्थिक स्थितिको मूल्याङ्कन र हिसाब किताब (Due Deligence Audit) गरी शेयर अनुपातका आधारमा गाभ्ने सम्बन्धी कानून बमोजिम आवश्यक प्रकृयाहरू अगाडी बढाईने छन् ।

- कम्पनीको आर्थिक अवस्था राम्रो रहेको र यस आ.व.मा करिब २८ करोड नाफा आर्जन भएकोमा नेपाल विद्युत प्राधिकरणबाट करिब १३ करोड प्राप्त हुन बाँकी रहेकोले हुन आउने १५ करोड मध्येबाट बैंक कर्जा सम्झौता बमोजिम ५ करोड रकम बैंकमा संचित (Reserve) राख्नु पर्ने व्यवस्था रहेको र हाल हकप्रद शेयर बाँडफाँड भएपश्चातको कम्पनीको पूँजी २ अर्ब ११ करोड कायम हुँदा कम्पनीसँग करिब १० करोड रकम मात्र हातमा रहेकोमा लाभांश करिब ५ प्रतिशत मात्र हुन आउने हुँदा अलि थोरै नै भएकोले यस रकम समेतलाई जोडेर अर्को वर्ष एकमुष्ठ अलि बढी दिने मनसायले यस पटकका लागि लाभांशको व्यवस्था नगरिएको हो । तर कम्पनीले अर्को वर्षबाट अवश्य पनि निरन्तर लाभांश दिने प्रयास गर्ने नै छ ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ छैठौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गर्‍यो :

(क) <u>साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरू</u>

१. **छैठौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्टगरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७३/७४ नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७४ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७३/०७४ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरू स्वीकृत गर्ने निर्णय गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्टस् पुनः नियुक्तीका लागि योग्य रहेको ।)**

कम्पनी ऐन, २०६३ मा भएको कानूनी व्यवस्था बमोजिम गठित कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्तीका सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७४/०७५ को हिसाब किताब

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

लेखापरीक्षण गर्न लेखापरीक्षक जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्सलाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,५२,०००/-(अक्षरेपी एक लाख बाउन्न हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्त गर्न सिफारिस भएको कुरा सभामा जानकारी गराइयो । प्रस्तुत प्रस्तावमा सभाबाट कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्सलाई नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. कम्पनीको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीहरू (समुह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।**

सर्वसाधारण शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) संचालकहरूको कार्यकाल पूरा भएको हुँदा सर्वसाधारण शेयरधनीहरू (समुह "ख") बाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम तय गरिएकोमा यस कम्पनीका शेयरधनी श्री भरतकुमार पोखरेल र शेयरधनी श्री आषिश श्रेष्ठ गरी २ जना उम्मेदवारहरूको मात्र मनोनयन पत्र दर्ता भएको र उक्त उम्मेदवारी माथि कुनै दाबी विरोध नपरेको हुँदा निज उम्मेदवारहरू यस कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री रामकृष्ण बन्जाराज्यूले सभालाई जानकारी गराउनु भयो ।

**५. सञ्चालकहरूको बैठक भत्ता वृद्धि गर्ने ।**

सञ्चालकहरूको बैठक भत्ता वृद्धिका सम्बन्धमा हाल कायम प्रति बैठक प्रति सञ्चालक भत्ता रकम रू. २,५००/- लाई वृद्धि गरी प्रति बैठक भत्ता प्रति संचालक रू. ४,०००/-(अक्षरेपी चार हजार मात्र) गर्ने निर्णय सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरू**

**१. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तनका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।**

यस कम्पनीको रजिर्ष्टड कार्यालयको ठेगाना का.म.न.पा. वडा नं. १, काठमाण्डौबाट परिवर्तन गरी कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगाना का.म.न.पा. वडा नं. ४, काठमाण्डौ गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा आवश्यक संशोधन गर्नु पर्ने भएकोले कम्पनीको ठेगाना परिर्वतन सहितको प्रबन्धपत्र तथा नियमावलीमा तपसिल बमोजिमको संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावलाई वार्षिक साधारण सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

**प्रबन्धपत्रको दफा २ को सट्टा देहाय दफा २ कायम गर्ने :**

**दफा २ : कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :**

यस कम्पनीको रजिष्टर्ड कार्यालय जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ४ मा रहनेछ, भने जिल्ला इलाम, माई नगरपालिका वडा नं. ३ मा एक शाखा कार्यालय रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

SANIMA MAI HYDROPOWER LIMITED. SMH

नियमावलीको नियम २ को सट्टा देहाय नियम २ कायम गर्ने :

**नियम २ : कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :**

यस कम्पनीको रजिष्टर्ड कार्यालय जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ४ मा रहनेछ । भने जिल्ला इलाम, माई नगरपालिका वडा नं. ३ मा एक शाखा कार्यालय रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य ठाउँमा रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

२. **सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्ने (Acquire) र यसका लागि कम्पनीको तर्फबाट पूरा गर्नु पर्ने आवश्यक प्रक्रियाहरू अवलम्बन गरि कानून बमोजिम गाभ्ने कार्य सम्पन्न गर्न, गराउन कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

**सानिमा हाईड्रोपावर लिमिटेड**लाई यस **सानिमा माई हाईड्रोपावर लिमिटेड**मा गाभ्ने (Acquire गर्ने ) सम्बन्धी विशेष प्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो र यसै निर्णय बमोजिम गाभ्ने सम्बन्धी कार्यका लागि संस्थाको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (DDA) गर्न मान्यताप्राप्त लेखापरिक्षक संस्थालाई नियुक्ती गर्न तथा सोको पारिश्रमिक निर्धारण गर्न, कम्पनी गाभ्ने/गाभिने सम्बन्धमा सम्झौता गर्न, संयुक्त गाभ्ने/गाभिने (Acquisition) समितिका प्रतिनिधिहरूको नियुक्ती गर्न, कम्पनी गाभ्नका लागि सम्बन्धित नियमनकारी निकायहरूबाट सैद्धान्तिक सहमति तथा अनुमति प्राप्त गर्न, लगायत यस कम्पनीको तर्फबाट पूरा गर्नु पर्ने आवश्यक प्रकृयाहरू अवलम्बन गरी कानुन बमोजिम गाभ्ने कार्य सम्पन्न गर्न, गराउनका लागि कम्पनीको सञ्चालन समितिलाई सम्पूर्ण अधिकार दिने भन्ने सर्वसम्मत निर्णय गरियो ।

३. **सम्बद्ध नियमनकारी निकायले दिएको निर्देशन बमोजिम यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायत यस छैठौं साधारण सभाले पारित गरेका प्रस्ताव बमोजिमका आवश्यक कार्यहरू सम्पन्न गर्न, गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन भएमा सोही अनुसार गर्न, गराउन र कम्पनी गाभ्ने सम्बन्धी कानून बमोजिमका सर्म्पूण प्रक्रियाहरू पूरा भए पश्चात विभिन्न ठाँउमा रहेका विभिन्न नामका जलविद्युत आयोजनाहरू एकै कम्पनी मार्फत निर्माण तथा सञ्चालन गरिने भएकोले प्राप्ति पछिको कम्पनीको नाम कुनै एक आयोजनाको नाममा मात्र नहोस भन्ने मनसायले संस्थाको नाम **"सानिमा हाईड्रोपावर लिमिटेड"** राख्न दुबै कम्पनीहरू बीच समझदारी भएकोले सोही बमोजिम कम्पनीको नाम संशोधन गर्नका लागि यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न लगायत यस छैठौं वार्षिक साधारणसभाबाट प्रस्ताव पारित भए बमोजिम औपचारिक कानूनी प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा साधारण सभाबाट सर्वसम्मत निर्णय गरियो ।

**(ग) विविध**

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस छैठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................ | SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU | ............................ |
| जयन्तकुमार रेग्मी | | टेकराज निरौला |
| कम्पनी सचिव | | सभा-अध्यक्ष |